बैठक संख्या ४१

कार्यपालिका वैठक मिति २०७५।१०।१७

**निर्णय नं. १**

इटहरी उपमहानगरपालिकाको भवन निर्माण ऐन तथा भवन निर्माण अनुमति प्रकियाको कार्यविधि माथि छलफल भई घरनक्सा पास समितिमा पुनः छलफलका लागि पठाउने निर्णय गरियो ।

**निर्णय नं. २**

यस इटहरी उपमहानगरपालिकाबाट पारित सहकारी ऐन, २०७५ को परिच्छेद २ को दफा ३ बमोजिम इटहरी उपमहानगरपालिका क्षेत्र भित्रका सहकारी संस्थाको दर्ता, संचालन, नियमन र प्रवर्द्धनको लागि देहाय अनुसारका सदस्यहरु मनोनयन गरी नगर सहकारी समिति गठन गर्ने निर्णय गरियो ।

**(१) कार्यपालिका सदस्यहरु मध्येबाट एक महिला सहित दुई जना**

(क) श्री दिपक गौतम, वडाध्यक्ष वडा नं. ६

(ख) श्री गंगा गुरुङ्ग, कार्यपालिका सदस्य

**(२) सहकारी संस्थाको तर्फबाट**

(क) श्री भोलाकाजी बस्नेत, सगुन कृषि सहकारी संस्था इटहरी ४

(ख) श्री गंगा प्रसाद दाहाल, बहुउद्देश्यीय सहकारी संस्था इटहरी ६

(ग) श्री संगिता चौधरी, उर्जा कृषि सहकारी संस्था इटहरी १५

**निर्णय नं. ३**

राष्ट्रपति चुरे तराई मधेस संरक्षण विकास कार्यक्रम अन्तर्गतबाट चालु आ.ब. २०७५/७६ मा देहाय बमोजिमका योजनाहरु संचालन गर्ने निर्णय गरियो ।

**१. नदि तथा खोला किनारा स्थिरीकरण/व्यवस्थापन (नदि नियन्त्रण सम्बन्धी कार्य) रु. ९०,००,०००।- (नब्बे लाख)**

| क्र. सं. | योजनाको नाम | स्थान | वडा नं. | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | बुढी खोला नदि नियन्त्रण | खोसार्ने खाप | ३ | २२ लाख ५० हजार | |
| २ | बुढी खोला नदि नियन्त्रण | सुनौलो टोल | ३ | २२ लाख ५० हजार | |
| ३ | बुढी खोला नदि नियन्त्रण | गैरी गाउँ | ४ | २२ लाख ५० हजार | |
| ४ | बुढी खोला नदि नियन्त्रण | शिवनारायण टोल | १० | २२ लाख ५० हजार | |

**२. टेंग्रा खोला नियन्त्रण तर्फ रु. ९५,००,०००।- (पन्चानब्बे लाख)**

| क्र. सं. | योजनाको नाम | स्थान | वडा नं. | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | टेंग्रा खोला नदि नियन्त्रण | युकि छेउको कल्भर्ट दक्षिण | २ | ४० लाख | |
| २ | टेंग्रा खोला नदि नियन्त्रण | हवाई चोक पुल छेउ | ३ | ५ लाख | |
| ३ | टेंग्रा खोला नदि नियन्त्रण | कामी टोल | ३ | ५ लाख | |
| ४ | खेती खोला नदि नियन्त्रण | मितेरी पुल दक्षिण पूर्व | ४ | ११ लाख २५ हजार | |
| ५ | खेती खोला नदि नियन्त्रण | मितेरी पुल दक्षिण पश्चिम | ५ | ११ लाख २५ हजार | |
| ६ | खेती खोला नदि नियन्त्रण | अनामनगर पुच्छर टोल | ६ | ११ लाख २५ हजार | |
| ७ | खेती खोला नदि नियन्त्रण | पि.के.पोल्ट्री फर्म दक्षिण कल्भर्ट छेउ | ७ | ११ लाख २५ हजार | |

०६५।१०।१६

नि० प्रमुख प्रशासकीय अधिकृत

इटहरी उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालय इटहरी, सुनसरी प्रदेश नं.-१, सुनसरी, नेपाल

### ३. हरित पेटिका, बृक्षारोपण तर्फ रु. ९,००,०००।- (नौ लाख)

| | | | | | |
|---|---|---|---|---|---|
| १ | हरित बाटिका निर्माण | शिवनारायण टोल | १० | ९ लाख | |

**निर्णय नं. ४**

इटहरी उपमहानगरपालिकाको आ.ब. २०७४/७५ को बिनियोजित बजेटबाट इटहरी उपमहानगरपालिका वडा नं. २ पासाङ्ग मार्गका लागि सडक बोर्ड शिर्षकबाट रु. १३,९४,३६०।४९ ल.ई. भई रु. २१,९४,२०९।३८ मा मर्मत सम्भारका लागि ठेक्का लागि योजना सम्झौता भएकोमा आ.ब. २०७४/७५ मा सडक बोर्डबाट रकम निकासा प्राप्त नभएको र आ.ब. २०७५/७६ मा उक्त योजना भुक्तानी गर्नकोलागि बजेट बिनियोजन नभएको हुँदा आ.ब. २०७५/७६ को क्रमागत योजनाको रकमबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ५**

मिति २०७५/०८/२३ गते बसेको कार्यपालिका बैठक निर्णय नं. १६ मा करार सेवा शुल्कबाट बिनियोजन भएको रकमबाट खर्च गर्ने निर्णय हुनुपर्नेमा सरसफाई सेवा शुल्कबाट बिनियोजन भएको रकम भएकोमा संशोधन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

मिति २०७५/०९/३० गते बसेको कार्यपालिका बैठक निर्णय नं. ३८ को निर्णयमा भाषागत त्रुटी तथा शिर्षक स्पष्ट नभएको हुँदा हाल उक्त निर्णयलाई कार्यान्वयन नगर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

होटल व्यवसायी संघ इटहरीले यही मिति २०७५ माघ २४ गते देखि २०७५ फागुन ३ गते सम्म जनता स्कुलको खेल मैदानमा "इटहरी फुड फेस्टिवल २०१९" को आयोजना गरी सहयोग माग भई आएकोमा उक्त होटल व्यवसायी संघलाई रु. १,००,०००।- (एक लाख) विविध शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ८**

श्री ज्योती मा.वि. इटहरी ५ को स्वर्ण महोत्सवका लागि गेट निर्माण वापत रु. २,५०,०००।- (दुई लाख पचास हजार) विविध शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ९**

सभे ह्युमन एण्ड ह्युमानिटि इटहरीलाई इटहरी क्षेत्र भित्रका १४ बर्ष देखि २० बर्ष उमेर समुहका किशोर किशोरीलाई मध्यनजर गरी कुलत तथा दुर्व्यसन विरुद्ध अभिमुखिकरण, चेतनामुलक अभियान कार्यक्रमका लागि सामाजिक तथा क्षमता विकास कार्यक्रम तर्फको ९.१ शिर्षकबाट रु. ५०,०००।- (पचास हजार) उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १०**

इटहरी उपमहानगरपालिकाबाट चालु आ.ब. २०७५/७६ मा देहायका योजनाहरु संचालन गरी देहाय अनुसारको शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

| क्र.सं. | योजनाको नाम | रकम | शिर्षक |
|---|---|---|---|
| १. | पूर्वी पृतना कार्यालय परिसर कालोपत्रे | ५ लाख | भैपरी आउने पूँजीगत शिर्षक |
| २. | तालतलैया जाने बाटो सिलकोट गर्ने कार्य | ५ लाख | भैपरी आउने पूँजीगत शिर्षक |
| ३. | आईतबारे कर्ल्भट दुवै तर्फ कालोपत्रे मर्मत | ४४ हजार | भैपरी आउने पूँजीगत शिर्षक |
| ४. | संगित चोक कालोपत्रे निर्माण इटहरी ६ | २ लाख ५० हजार | भैपरी आउने पूँजीगत शिर्षक |
| ५. | इटहरी अस्पताल मार्ग कालोपत्रे इटहरी ९ | ३ लाख | भैपरी आउने पूँजीगत शिर्षक |
| ६. | पारुहाङ्ग चोक कर्ल्भटमा गिट्टी हाल्ने इटहरी २ | २२ हजार | भैपरी आउने पूँजीगत शिर्षक |

| | | | |
|---|---|---|---|
| ७. | वडा कार्यालय मर्मत इटहरी १२ | ५ लाख | भैपरी आउने पूँजीगत शिर्षक |
| ८. | प्रोटेक्सन वाल निर्माण इटहरी १२ | ५ लाख | भैपरी आउने पूँजीगत शिर्षक |
| ९. | ड्रेन तथा ग्रावेल वडा नं. १४ | ५ लाख | भैपरी आउने पूँजीगत शिर्षक |
| १०. | ड्रेन निर्माण वडा नं. १७ | ५ लाख | भैपरी आउने पूँजीगत शिर्षक |
| ११. | शान्ति मार्ग शाखा बाटो भरौट वडा नं. ११ | १ लाख | भैपरी आउने पूँजीगत शिर्षक |
| १२. | तुलसीमार्ग कालोपत्रे वडा नं. ४ | ५ लाख | भैपरी आउने पूँजीगत शिर्षक |
| १३. | न्यु सिद्धार्थ मार्ग,सिद्धार्थ मार्ग ,भृकुटी मार्ग , त्रिवेणी टोल अर्न्तगतको वडा नं. ६ को ग्रावेल बाटो | ३९००००। | भैपरी आउने पूँजीगत शिर्षक |
| १४. | वडास्तरीय ग्रावेल इटहरी २० | ३ लाख | भैपरी आउने पूँजीगत शिर्षक |

**निर्णय नं. ११**

अनुसुची ११,(झ)२, ४. अत्यावश्यक औषधी तथा औषधीजन्य सामाग्री शिर्षकमा एकमुष्ठ रुपमा रु.३,४२०,०००। (अक्षरेपी चौतिस लाख विस हजार) रहेकोमा उक्त रकमलाई देहाय बमोजिमका विभिन्न शिर्षकमा बिभाजन गरी खर्च गर्ने निर्णय गरियो ।

| आन्तरिक श्रोत तर्फबाट बिनियोजन भएको स्वास्थ्यको कार्यक्रम तथा चाहिने वजेट बाडफाँड | | | | | | |
|---|---|---|---|---|---|---|
| क. सं | कार्यक्षेत्र बिवरण | क्रियाकलाप | सुचांक | समय सिमा | वजेट रकम रू | जिम्मेवार निकाय |
| | अयावश्यक औषधी,औजार उपकरण खरिद तथा औषधी सामग्री ढुवानी | क)औषधी तथा औषधी जन्य सामाग्री खरिद | आबश्यकता अनुसार | २०७६ असार सम्म | ९६४००० | इटहरी उपमहानगरपालिका |
| | | ख)खोप भण्डारण गर्न रेर्फिजिरेटर खरिद जेरनेरेटर मर्मत तथा बिधुत महशुल रकम भुक्तानी गर्ने । | आबश्यकता अनुसार | २०७६ असार सम्म | ५५०००० | इटहरी उपमहानगरपालिका |
| | | ग)सर्वे वडाहरूमा अव्स्टेटिक फिस्टुला र पाठेघर खस्ने रोगीको स्क्रिनिंग, रिंगपेशरी तथा VIA जाँच शिबिर | आबश्यकता अनुसार | २०७६ असार सम्म | ४००००० | इटहरी उपमहानगरपालिका |
| | | घ)शहरी स्वास्थ्यकेन्द्रको लागी ल्याव सामाग्री बर्थीङसेन्टरको लागि औजार उपकरण,इटहरी अस्पतालको लागि फर्निचर,अत्यावश्यक इर्मजेन्सी सामग्री,उपकरण,औषधी तथा उपकरण | आबश्यकता अनुसार | २०७६ असार सम्म | ५००००० | इटहरी उपमहानगरपालिका |

प्रमुख प्रशासकीय अधिकृत
इटहरी उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इटहरी, सुनसरी
प्रदेश नं.-१, नेपाल
स्था. २०७३

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | एकीकृत शिशु तथा बाल्यकालीन पोषण र सुक्ष्म पोषकतत्व (बाल भिटा) समुदाय प्रबर्धन कार्यक्रम समिक्षा, पुनरावलोकन र निरन्तर संचालन | आबश्यकता अनुसार | २०७६ असार सम्म | २३०००० | इटहरी उपमहानगरपालिका |
| | | उपचाररत क्षयरोगका बिरामीको उपचारको कोहर्ट नतिजा, कार्यक्रमको प्रगति एवं चुनौती र क्षयरोग कार्यक्रममा भएका नया बिषयमा उपचार केन्द्रका स्वास्थ्य कर्मीहरुलाई अध्यावधिक गर्ने उपचार केन्द्र स्तर कोहर्ट विश्लेषण कार्यक्रम | आबश्यकता अनुसार | २०७६ असार सम्म | ५६००० | इटहरी उपमहानगरपालिका |
| | | वडाका विभिन्न क्षेत्रमा नि:शुल्क स्वास्थ्य शिविर संचालन एवम औषधि बितरण,संचालन तथा व्यबस्थापन खर्च | आबश्यकता अनुसार | २०७६ असार सम्म | १५०००० | इटहरी उपमहानगरपालिका |
| | अत्यावश्यक औषधी,औजार उपकरण खरिद तथा औषधी सामग्री ढुवानी | इटहरी अस्पताल तथा स्वास्थ्य केन्द्रको लागि सरसफाई कार्यक्रम संचालन गर्न | आबश्यकता अनुसार | २०७६ असार सम्म | १६२००० | इटहरी उपमहानगरपालिका |
| | | एक्सरे कोठा मर्मत तथा एक्स रे सम्वन्धि औजार उपकरण | आबश्यकता अनुसार | २०७६ असार सम्म | ३००००० | इटहरी उपमहानगरपालिका |
| | | स्वास्थ्य संस्थाको लागी आवश्यक औषधी,सामाग्री तथा औषधीजन्य सामाग्री ढुवानी तथा यातायात खर्च | आबश्यकता अनुसार | २०७६ असार सम्म | १०८००० | इटहरी उपमहानगरपालिका |
| | | | | जम्मा | ३४२०००० | |

**निर्णय नं. १२**

यस इटहरी उपमहानगरपालिकाबाट २०७५ पौष मसान्त सम्मका शिर्षक वाईज खर्च विवरण माथि छलफल गरियो ।

**निर्णय नं. १३**

यस कार्यालयबाट वडा कार्यालय संचालनका लागि लिईएका घरभाडाको सम्झौता गर्दाको अवस्थामा म्याद नतोकी सम्झौता भएको देखिएको हुँदा तपसिल बमोजिमका कार्यालय संचालनका लागि लिईएका तपसिलका व्यक्तिहरुको घरभाडाको म्याद सम्झौता भएकै मिति देखि दुई बर्ष कायम गर्ने निर्णय गरियो।

(क) चन्द्रकला श्रेष्ठ, वडा नं. ८ को वडा कार्यालय संचालन

(ख) सुनिता विश्वकर्मा, वडा नं. १४ को वडा कार्यालय संचालन

**निर्णय नं. १४**

कानून मस्यौदा समितिका संयोजक तथा उप प्रमूख श्री लक्ष्मी गौतमद्वारा प्रस्तुत देहाय बमोजिम बिधेयकको मस्यौदा सैदान्तिक सहमति सहित नगरसभामा पेश गर्ने निर्णय गरियो ।

(क) व्यवसाय कर विधेयक, २०७५ (ख) घरजग्गा बहालकर विधेयक, २०७५

(ग) भूमिकर (मालपोत) विधेयक, २०७५ (घ) सम्पत्तिकर विधेयक, २०७५